ICIMOD CEAPRED In partnership with Canada

# सुरक्षाप्रतिको प्रतिबद्धता

**HI-CAS परियोजना सबैका लागि सुरक्षित वातावरण र सुरक्षित कार्यस्थल सिर्जना गर्न प्रतिबद्ध छ।**

कसैलाई होच्याउने, अपमानजनक वा दुर्व्यवहारपूर्ण भाषा प्रयोग नगर्नुहोस्।

लिङ्ग, जाति, भाषा वा संस्कृतिका आधारमा कसैमाथि भेदभाव नगर्नुहोस्।

अरुलाई आफ्नो पक्षमा काम गराउन धम्की वा कुनै पुरस्कारकोआश्वासन नदिनुहोस्।

कसैलाई यौनजन्य दुर्व्यवहार तथा असहज महसुस गराउने कुनै पनि व्यवहार नगर्नुहोस्।

बालबालिकालाई चोट पुऱ्याउने, डर देखाउने, बेवास्तागर्ने र उनीहरुको श्रम शोषण नगर्नुहोस् । १८ वर्षभन्दा कम उमेरका बालबालिकासँग हुने कुनै पनि प्रकारको यौन गतिविधि प्रति शून्य सहनशीलता अपनाइन्छ भन्ने कुरा बुझ्नुहोस् र बुझाउनुहोस् ।

सम्बन्धित व्यक्तिको पूर्व अनुमति बिना फोटो वा भिडियो नखिच्नुहोस्। बालबालिकाको हकमा भने उनीहरूको अभिभावकको सहमतिमा मात्र फोटो वा भिडियो खिच्नुहोस्।

**यदि तपाई आफैँ असुरक्षित महसुस गर्दै हुनुहुन्छ वा कोहि असुरक्षित महसुस गरिरहेको देख्नुहुन्छ भने मौन नबस्नुहोस्, सुरक्षासम्बन्धी सम्पर्क व्यक्तिलाई तल दिइएको माध्यमबाट सम्पर्क गर्नुहोस्।**

## उजुरी कसरी गर्ने ?

+९७७-९७६८५३७५८९ (+977-9768537589)

complaint@ceapred.org.np

**उजुरी पेटिकामा आफ्नो उजुरी हाल्नुहोस्।**

**तपाईले उपलब्ध गराएको जानकारी गोप्य राखिनेछ। उजुरी गरेकै कारण कुनै पनि प्रकारको प्रतिशोध लिने वा सजाय हुने छैन।**

यो पोस्टर हिन्दुकुश हिमालय (HKH) क्षेत्रको एकीकृत जलवायु अनुकूलन समाधान (HI-CAS) परियोजना अन्तर्गत तयार गरिएको हो। यो परियोजना ICIMOD र सिप्रेड ले क्यानडा सरकारको ग्लोबल अफेयर्स क्यानडा (GAC) को आर्थिक सहयोगमा नेपालमा सञ्चालन गरिरहेको छ । यस परियोजनाको मुख्य उद्देश्य जलवायु परिवर्तनबाट प्रभावित समुदाय, विशेष गरी महिला, बालबालिका, आदिवासी जनजाति तथा अन्य सीमान्तकृत समुदायहरूको जलवायु उत्थानशीलता बढाउनु हो ।